संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

साझा खबर
साप्ताहिकको सह-प्रकाशन

**मुलुकी दैनिकको नयाँ विज्ञापन दर**

आवरण पृष्ठ: प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा: ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/-
नोट: रु.२०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१६, ▶▶ अंक २८० ▶▶ २०७८ वैशाख १६ गते बिहिबार ■ 2021, April -29 Thursday ▶▶ यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/-

## उदयपुरमा बुधबार दुई दुर्घट्ना

# एकको ज्यान गयो, २१ घाईते

❖ मुलुकी संबाददाता

*उदयपुर, वैशाख १५*

उदयपुरमा बुधबार छुट्टाछुट्टै दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने २१ जना घाईते भएका छन् । उदयपुरगढी गाउँपालिका ७ को चियाबारी नागबेलेमा बोलेरो दुर्घटना हुदा १ जनाको मृत्यु र १३ जना घाईते भएका छन् भने रौतामाई ५ घुम्नेमा भएको सुमो दुर्घटनामा परी चालकसहित ८ घाईते भएका हुन् ।



दुवै घट्ना झण्डै एउटै समयमा भएका हुन् । पौने १२:०० बजे उदयपुरगढीबाट गाईघाटतर्फ आउँदै गरेको १ च ९३९ नं. को बोलेरो मदन भण्डारी लोकमार्गको चियाबारीमा दुर्घटना हुँदा उदयपुरगढी १ ध्वाँसेका ३५ वर्षीय शिव खत्रीको मृत्यु भएको प्रहरीले जनाएको छ । तिब्रगतिमा रहेको बोलेरो आफै अनियन्त्रित भई दुर्घटना हुँदा घाईते भएका १४ मध्ये गम्भीर ७ जनाको उदयपुर अस्पतालमा प्रारमिभक उपचारपछि बिराटनगर लाँदाजाँदै बाटैमा खत्रीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । बाँकी ६ जनालाई न्युरो हस्पीटल बिराटनगर लगिएको छ भने अन्यको जिल्ला अस्पताल उदयपुरमै उपचार भईरहेको जिल्ला प्रहरीले जनाएको छ ।

स्थानीयका अनुसार सदरमुकाम गाईघाटमा हुन लागेको कटुवाल क्षेत्री समुदायको देवाली (कुल पुजा)मा सहभागी हुन रिजर्भ गरेको बोलेरोमा २५ जना यात्रु सवार थिए । क्षमताभन्दा बढी यात्रु चढाउको तथा - बाकी ३ पेजमा



## पाण्डे श्री सप्लायर्स एण्ड ट्रेडस

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको ।
प्रोपाइटर:-**बिनोदकुमार पाण्डे**
सम्पर्क:- ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*

# तपाईको मास्क खोई ? जरिवानामा पर्नुहोला !

❖ मुलुकी संबाददाता

*उदयपुर, वैशाख १५*

उदयपुर प्रहरीले यसपालिको कोरेना भाईरसको दोस्रो लहर (कोविड-२)बाट बँच्न र बचाउन मास्क अनिवार्य लगाउन अनुरोध गर्दै नलगाउनेमाथि कारबाही सुरु गरेको छ । देशव्यापी बढ्दो संक्रमणबाट सतर्क रहन आवश्यक सुरक्षा मापदण्ड अपनाउन आवश्यक भएकाले जिल्ला प्रहरी कार्यालयले 'तपाँईको मास्क खोई ?' भन्ने अभियान चलाएको हो ।



पहिलो दिन सोमबार मास्क लगाउन अनुरोध गर्दै सदरमुकाम गाईघाट बजारमा ट्राफिक र जिल्ला प्रशासन कार्यालय र नगरपालिकाका प्रतिनिधि सम्मिलित संयुक्त टोलीले मास्क अनिवार्य लगाउन अनुरोध गर्दै निशुल्क मास्क बितरणसमेत गरेको थियो । तर, अर्को दिन अनुगमन गर्दा मास्क नलगाएको पाएपछि प्रहरीले कारबाही गर्न थालेको छ ।

संक्रमण रोकथाम तथा नियन्त्तणका लागि मातहतका सबै युनिटमार्फत जिल्लाभरी प्रहरीले अनिवार्य मास्क लगाउन सचेतना अभियान चलाएको प्रहरी प्रमुख एसपी भीमबहादुर दाहालले बताए । उनका अनुसार सचेतना अभियान सोमबार र मंगलबार सञ्चालन गरेर बुधबार अनुगमन गर्दा मास्क






त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटर:-**थमान चामलिङ राई**
सम्पर्क:- ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*



## सम्पादकीय

# ट्राफिक प्रहरी सक्रिय बन

- बुधबार साँझ ७:३० बजे एउटा टिपर गाईघाट मुख्य चोकदेखि पूर्व पुरानो गाईघाट हुँदै असारी, बेल्टार जाने मदन भण्डारी लोकमार्गमा स्वीमिङ पुलनिर पुरानो गाईघाटतर्फ तिब्र गतिमा हुईकिदै थियो ।
- सोही ठाउँमा एकसाताअघि गाईघाटमा पत्रकार हरिकुमार राईलाई तिब्र गतिमा आएको मोटरसाईकलले ठक्कर दिदा सक्त घाइते भए ।
- ३ दिनअघि (वैशाख १२ गते) मात्र गाईघाटकै टेम्पु चोकमा कुदिरहेको स्कुटरलाई अटो रिक्साले ठक्कर दिदा स्कुटर चालक घाइते हुन पुगे ।

यी प्रतिनिधि घट्नाहरु भईरहँदा गाईघाट बजारबीच भएर हुईकिने सवारी साधनहरु बेलगाम देखिन्छन् । बेलैमा सचेत नहुने हो भने बजार बीच भएर निर्मित मदन भण्डारी लोकमार्गमा कैयौं पटक भयानक दुर्घटना हुने सङ्केत हो यो । सदरमुकाम जस्तो व्यस्त बजार, विद्यालयहरु तथा व्यापारिक चलखेल बाक्लो हुने बजारक्षेत्रमा दुर्घटना हुनबाट बँच्न र बँचाउन जिल्लामा रहेको ट्राफिक प्रहरी, स्थानीय प्रशासन, यात्रु, चालक र स्वयं सवारी साधनले बेलैमा सचेत हनुपर्ने खाँचो देखिन्छ । त्यसका लागि हामी सबैपक्ष यसप्रति सक्रिय हुनुपर्ने अवस्था छ ।

प्रहरी नायव निरीक्षक (सई) नेतृत्वमा रहेको जिल्ला ट्राफिक प्रहरीले मदन भण्डारी लोकमार्गको बजारक्षेत्रमा विशेष सतर्क्ता अपनाउन सवारी साधनलाई सचेत गराउनुपर्छ । त्यसका लागि सडकका निश्चित ठाउँमा जेब्रा क्रसिङ र साङ्केतिक चिन्ह राख्नुका साथै बजार क्षेत्रमा हर्न निषेधित गर्न जरुरी छ । बीच बजारमै लाली गुराँस र पिसजोन एकेडेमी बोडिङहरु पनि रहेकाले विद्यार्थीकोसमेत आउजाउ बाक्लो हुने बजार क्षेत्रमा प्रतिघण्टा ४० किलोमिटरभन्दा बढीको गतिमा सवारी कुदाउन नपाउने नियम राख्नु पर्छ । त्यसका लागि सकेसम्म क्लोज सर्किट (सिसि) क्यामेरा जडान गरेर बजारक्षेत्रमा तिब्र गतिमा कुद्ने सवारी साधनलाई नियम गर्न सकिन्छ । नियम नमान्नेलाई कारबाही गर्न पछि पर्नुहुन्न । जिल्लामा रहेको ट्राफिक प्रहरीलाई आवश्यक जनशक्ति अभाव भएको पाइएकाले जनशक्तिको व्यवस्थापन गर्न पनि पहल थाल्नु उपयुक्त छ । जसका लागि नगर प्रहरीलाई पनि परिचालन गर्ने बिकल्प अपनाउन सकिन्छ ।

ट्राफिक प्रहरीले सँधै ध्यान दिन नसक्ने हुनसक्छ । त्यसैले सर्वसाधारण स्वयंले पनि तिब्र गतिमा कुदने, कुदाउने सवारी साधनको नम्बर टिपेर वा फोटो खिचेर ट्राफिक प्रहरीलाइ खबर गरेर पनि नियमनमा सहयोग गर्न सकिन्छ । यति मात्र होइन, बजारक्षेत्रका सडकमा नियमले मिलेसम्म सामान्य ब्रेक बनाउन आवश्यक छ । त्यसैगरी पैदल यात्रीका लागि बनेका सडक पेटीमा स्वतन्त्रतापूर्वक हिड्न मिल्नेगरी खाली गरिनु पर्छ । सडक पेटीमा बेच्न राखिएका बग्रेल्ती उपभोग्य सामग्री, भौतिक संरचना निर्माणका सामग्रीहरु व्यवस्थित गरिनुपर्छ । पैदल यात्रु सहजै सडक पेटीबाट हिड्न पाउन् ताकि पेटीको अभावमा सडकमा पैदल हिड्नु पर्दा दुर्घटनाको सिकार बन्न नपरोस् । यस बाहेक सवारी चालकले ट्राफिक नियम पालना गरेर दुर्घटना न्युनिकरण गर्न सकिन्छ । ट्राफिक प्रहरीलाई स्थानीय सामाजिक संस्थाहरुसँग सहकार्य गरेर नागरिक सुरक्षा गर्न सकिन्छ । ट्राफिक देख्दा डराउने, तर्सिने हुनु भएन । चालकले ट्राफिक नियमको कार्यन्वयन गर्ने हो भने सडक दुर्घटना त्यसै पनि कम हुन जान्छ ।

*एकको....*

देवालीमा बली चढाउन आधादर्जन हाराहारी बोका र अन्य सामग्री बोकेका कारण अनियन्त्रित भएर दुर्घटना भएको प्रहरीको भनाई छ । बोलेरो चालक उदयपुरगढी १ का २७ वर्षीय भीमबहादुर तामाङलाई तत्काल नियन्त्रणमा लिएर थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी खोटाङाट गाईघाटतर्फ आउँदै गरेको सुमो जीप र्घटनामा परी चालकसहित ८ जना घाईते भएका छन् । मध्यान्ह १२:१५ बजे रौतामाई गाउँपालिका ५ घुम्तेस्थित सगरमाथा लोकमार्गमा को १ ज ३०२७ नं. को सुमो अचानक ब्रेक फेल भएर दुर्घटनामा पर्दा चालक सुनसरी रामधुनी नगरपालिका ३ का ४० वर्षीय रामकुमार खत्रीसहित ८ जना घाईते भएको प्रहरीले जनाएको छ ।

घाईतेमध्ये १ जनालाई थप उपचारका लागि विराटनगर पठाइएको छ भने बाँकी सबैको जिल्ला अस्पताल उदयपुरमै उपचार भईरहेको प्रहरीले जनाएको छ ।

*तपाईको....*

नलगाएको भेटिएपछि त्यस्तालाई कारबाही गरिएको उनले बताए ।

# चप्पल उद्योग बन्द

❖ बुद्धि चामलिङ

*बेलका रामपुर, वैशाख १५*

उदयपुरको पुर्वी बेलका नगरपालिका ५ घुम्नेमा गत वर्ष २०७७ साल असारदेखि सञ्चालनमा आएको बेलका जुत्ता चप्पल कारखाना दुई हप्ता अघिदेखि बन्द भएको छ। कारखानाका सञ्चालक पुजन कटुवालका अनुसार कम्पनीको आन्तरिक समस्याको कारण उद्योगले चप्पल उत्पादन गर्न बन्द गर्नुपरेको पुजनको भनाई छ ।

०७६ असारदेखि सञ्चालनमा आएको उद्योगमा कामदार अभावका कारण बन्द गर्नुपरेको कटुवालको भनाई छ । वैदेशिक रोजगारीबाट फर्केपछि आफ्नै गाउँठाउँमा पेशा व्यवसाय पनि गर्ने र रोजगारी पनि सिर्जना गर्ने उदेश्यले उनले उद्योग खोलेका थिए । तर, दक्ष .जनशक्ति नपाएपछि उद्योग बन्द गर्नुपरेको उनी बताउँछन् । वैदेशिक रोजगारीको सिलसिलामा उनी लामो समय कतार बसेर फर्केका हुन् ।

स्वदेशमै उद्यम व्यवसाय गर्ने उनको योजनामा अहिले जनशक्ति



अभाव र व्यवस्थापन समस्याले बाधा आइपरेको छ । हाल काठमाडौंमा रहेका उनी उद्योगका मेसिन उपकरण बिक्री गर्न ग्राहकको खोजीमा जुटेका छन् ।

घरमै सपरिवार चप्पल उत्पादन गर्दै आएका पुजन उद्योग बन्द गर्नु परेकोमा दुखी छन् । गाउँमै चप्पल उद्योग खोलेर स्थानीय र जिल्लाबासीलाई खुशी पार्न खोजेका पुजन अहिले आफु उद्यमी बने सँगै गाउले छिमेकीलाई समेत उद्यम गर्न प्रेरणा दिएका पुजन उनी आफनो चप्पल कारखानालाई पुन सञ्चालनमा ल्याउन चाहान्छन । उनलाई थप स्थानीय सरकारको सहयोग चाहिएको छ । आफनो चलिरहेको जुता चप्पल उद्योग बिक्रि गर्न पुजन अहिले सामाजिक सन्जालमा बिज्ञापन गरिरहेका छन् ।

*भलिबल .......*

ति बाहेक नेपालको सबै राष्ट्रिय महिला भलिबल खेलमा सहभागी भएर खेलेको छु। भलिबल नै खेल्न भनेर अहिले नेपालको राष्ट्रिय महिला भलिबल टिमको जर्सी लगाएर विदेश खेल्न गएको छैन । नेपालको धेरै जिल्लाहरुका गएर खेलेको छु । नेपालको रामेछाप जिल्लाको चण्डेश्वरी महिला भलिबल टिम, बाग्लुङ जिल्लाको ढोरपाटन महिला भलिबल टिमबाट समेत राष्ट्रिय भलिबल खेलहरु खेलेको छु।

**भलिबल खेल जिवनमा सबैभन्दा ठुलो खुशीको क्षण ?**

मदन भण्डारी एकेडेमीले २०६५ सालमा धनकुटामा आयोजना भएको क्षेत्रीय प्रतियोगितामा उदयपुरले धनकुटालाई फाइनल खेलमा सोझो सेट ३ - ० ले हराएर उपाधी जितेको थियो । त्यो प्रतियोगितामा मलाई एउटै खेलमा दुई वटा उपाधी बेस्ट डिफेन्स र बेस्ट प्लेयर उपाधी आफुले पाउदा धेरै खुशी लागेको थियो ।

**आगामी दिनमा के गर्ने प्लान छ ?**

आगामी दिनमा भलिबल खेलममै योगदान गर्ने सोच बनाएको छु । भलिवल खेल समन्धी जीवनी राई संग गरिएको कुराकानीको पुरा भिडियो मुलुकी दैनिकको ओनलाईन पेजमा हेर्नसक्नुहुनेछ।

सुरुमा मास्कको महत्वबारे जनचेतना जगाउँदै गाईघाट, कटारी, बेलटार, रामपुर, मुर्कुची बजारमा निशुल्क मास्क बितरण गर्दै मास्क लगाउनुपर्ने कारण र महत्वबारे जानकारी गराए पनि पछिल्लो अनगुमनमा मास्क नलगाएको पाइएपछि कारबाही गर्न सुरु गरिएको दाहालले बताए ।

सचेतना अभियान चलाएपछि बुधबार गाईघाटमा गरेको अनुगमनको क्रममा मास्क नलगाउने २६ जनालाई पक्राउ गरी जनही १ सय रुपैंयाका दरले जरिवाना तिराइएको छ । मास्क नलगाउनेलाई 'संक्रामक रोग ऐन २०२०' बमोजिम जरिवाना गराई कोविडबाट बँच्न सुरक्षा सतर्कता अपनाउने विषयमा प्रशिक्षण दिएर छाडिएको छ । जरिवानावापत संकलित २ हजार ६ सय रुपैंया नेपाल सरकारको राजश्व खातामा जम्मा गरिएको एसपी दाहालले बताए ।


स्थानीय उत्पादन उपयोग गरौं,
रौता साबुन नै प्रयोग गरौ !



हामी सबैको
रोजाइ रौता साबुन










## श्री त्रिबेणी माध्यमिक विद्यालय (१-१२)

Shree Triveni MA. Vi. school (1-12)

कटारी, उदयपुर

प्रदेश नं. १

### शिक्षक आवश्यक्ताको सूचना !

यस विद्यालयमा प्राविधिक धारतर्फको कक्षा ११ र १२ मा रिक्त रहेको प्रशिक्षक (उ.मा.शि.सरह) पदमा प्रशिक्षक १ जना आवश्यक भएकाले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल:**

**विज्ञापन नं. १**

**क) पद:** बाली विज्ञान

**ख) शैक्षिक योग्यता:** M.Sc. (एम.एस्सी. बाली विज्ञान) वा B.Sc.( बि.एस्सी). उत्तिर्ण गरी कम्तीमा १ वर्षको कार्य अनुभव भएको छ ।

**ग) सेवा सुविधा:** मा.शि. द्वितीय श्रेणी वा सो सरह ।

**आवश्यक कागजातहरु:**

१. व्यक्तिगत बिबरण
२. नेपाली नागरिकक्ताको प्रमाणित प्रतिलिपि १ प्रति
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति
४. शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
५. आवेदन नदस्तुर रु. १००१ (रु. एक हजार एक मात्र)

**छनौटका आधारहरु:**

१. लिखित मौखिक (आवश्यक परेमा प्रयोगात्मकसमेत)

आवेदन बुझाउने मिति: ०७८/०१/२८ गतेसम्म

सम्पर्क नं.: ०३५४५०१५४ / ९८६२९६२१३३/ ९८५२८३५२२५

**बालकृष्ण कार्की**
प्रधानाध्यापक

# भलिबल खेलबाट नै मैले आफनो खुशी साटिरहेको छु ।

**विगत १५ वर्ष अघिदेखि उदयपुरबाट भलिबल खेलिरहेकी खोटाङ सुन्तलेकी जिवनी राईले नेपाली महिला भलिबल खेलमा अमुल्य योगदान गरिरहेकी छिन्। खोटाङ जिल्लाको विकट दक्षिणी भेग विगतको सुन्तले गाविसको साकुमा गाउमा जन्मेर भलिबल खेलबाट आफ्नो परिचय बनाईरहेकी जिवनी राईले खेलाडी जिवनको कर्मथलो भने उदयपुर बनाईन् । उनै जिवनी राईसंग मुलुकी दैनिकका सम्पादक बुद्धि चामलिङ राईले गरेको अन्तर्वार्ताको सम्पादित अंश यहा प्रस्तुत गरिएको छ ।**



**तपाईको जन्मस्थान र बुबा आमाको परिचय दिनुस न ?**
मेरो जन्म खोटाङ जिल्लाको दक्षिणी भेग विगतको सुन्तले गाविसको साकुमा भन्ने गाउमा भएको हो । मेरो बुबाको नाम खम्बसिह राई र आमाको नाम झिल्कीमाया राई हो ।

**तपाईले बिद्यालय तहको शिक्षा कहाबाट पुरा गर्नुभयो ?**
मैले आफु जन्मेको ठाउँ सुन्तलेमाबि बाट ८ कक्षा पास गरे । सिन्धुली जिल्लाबाट एसएलसी पास गरे । उच्चमावि तहको शिक्षा चाहि उच्चमावि हडिया उदयपुरमा अध्ययन गरे ।

**तपाईहरु कति जना छोराछोरी ?**
हामी चार छोरा जना छोरा र चार जना छोरी छौ ।

**विद्यालयमा तहमा अध्ययन गर्दा तपाई कुन पोजिशनको बिद्यार्थी हुनुहून्थयो ।**
म कक्षाको मध्यम वर्गको विद्यार्थी थिए ।

**तपाई विद्यालय तह पढ्दापढ्दै माओवादी सेनामा जानुभयो हो ?**
२०६१ साल साल फागुन महिनामा कक्षा ७ मा पढदा्पढ्दै माओवादी सेनामा गएको हो ।

**कसरी पढ्दापढ्दै माओवादी सेनामा जानुभयो ?**
त्यो बेलाको २०६१ सालतिर खोटाङ जिल्लाको दक्षिणी गाविसहरु माओवादीको आधार इलाका लै थियो । साथीहरुको सङ्गत र लहैलहैमा लागेर माओवादी आन्दोलनमा लागियो ।

**पहिलो दिन घरबाट हिडनुभएको याद छ तपाईलाई ?पहिलो दिन हिडेर कुन ठाउ पुग्नु भएको थियो ।**
२०६१ साल फागुन महिनाको मध्ये तिर राति हामी गाउँको ६ - ७ जना साथिहरु हिडेका थियौ । पहिलो दिन घरमा बुबा आमाको सल्लाहा विनानै हिडेर खोटाङ जिल्लाकै फाक्टाङ गाविस पुगेको थियौ ।

**माओवादी सेनामा कति वर्ष काम गर्नुभयो ?**
मैले माओवादी सेनामा २०६२ सालदेखि काम गरेर २०६८ सालमा स्वेच्छिक अवकाश लिएको हो ।

**भलिबल खेल्न कहिलेदेखि सुरु गर्नुभयो र भलिबल खेल्न को बाट पेरणा पाउनुभयो ?**
मेरो बुबा खम्बसिह राई पनि भलिबल खेल्नुहुन्थयो। विद्यालय तहमा म भलिबल खेल्थिन। जब म माओवादी सेनामा गए त्यहाबाट नै मैले भलिबल खेल्न सुरु गरेको हो ।

**अहिले तपाइले भलिबल खेलमा कुन जिम्मेवारी लिइरहनुभएको छ ?**
अहिले मैले प्रदेश नम्बर १ को प्रदेश कोचको जिम्मेवारी को भुमिकाको निर्वाहा गरिरहेको छु ।

**अहिलेसम्म कुन - कुन टिमबाट भलिबल खेल्नु भयो ?**
मैले २०६८ सालमा कैलाली जिल्लाको धनगढीमा भएको छैठौ राष्ट्रिय प्रतियोगितामा पुर्वाञ्चल महिला भलिबल टिमको टिम कप्तान भएर खेले ।

**बाँकी २ पेजमा**

ताप्ली गाउँपालिकाको कार्यालयद्वारा
गाउँपालिकाबासी जनसमुदायलाई अनुरोध

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
२. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यपार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं ।
६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

ताप्ली गाउँपालिकाको कार्यालय
रुपाटार, उदयपुर

सार्वजनिक हितका लागि
लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना

समयमै कर तिरौं,
असल नागरिकको परिचय दिऔं ।

- आफूले सञ्चालन गरेको व्यापार, व्यवसायको समयमै नविकरण गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं ।
- दर्ता नगरेर मात्र व्यापार, व्यवसाय सञ्चालन गरी असल व्यवसायीको पहिचान कायम गरौं ।
- बिना इजाजत मदिराजन्य पदार्थको बिक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउमा राखेर बिक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान, जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं ।
जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ताहरु सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

लिम्चुङबुङ गाउंकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, प्रदेश नं. १ नेपाल

# लिमचुङबुङ खेलकुद सकियो

# भलिबल, फुटबल, ब्याडमिन्टन र दौडमा स्पर्धा

❖ मुलुकी संबाददाता

*उदयपुर, वैशाख १५*

लिमचुङबुङ गाउँपालिकामा आयोजित खेलकुद प्रतियोगिता बुधबार सम्पन्न भएको छ । गाउँपालिकाको प्रायोजन तथा गाउँ खेलकुद विकास समितिको आयोजनामा गत ११ गतेदेखि १५ सम्म सञ्चालित वडास्तरीय खेलकुद प्रतियोगितामा भलिबल र ट्रेल रेस (दौड)मा महिला-पुरुष र फुटबल र ब्याडमिन्टनमा पुरुषतर्फ एकल स्पर्धा गराइएको थियो ।

महिला भलिबलमा वडा नं. ५ जाँते प्रथम भएको छ भने वडा नं. २ बलम्ता दोस्रो र वडा नं. २ ताम्लीछा तेस्रो भएको छ । पुरुष भलिबलमा वडा नं. २ ताम्लीछा प्रथम हुँदा वडा नं. ४ बलम्ता दोस्रो र वडा नं. १ बाँसबोटे (बी) तेस्रो हुन सफल भएको छ । महिलातर्फ ५ समूह र पुरुषतर्फ १० समूहको सहभागिता रहेको प्रतियोगिताका विजेता समूह दुवैलाई २० हजार नगद, सिल्ड, मेडल र प्रमाणपत्र दिइएको थियो भने दोस्रोलाई १५ हजार र तेस्रोलाई १० हजार नगद साथ मेडल र प्रमाणपत्र प्रदान गरियो ।

त्यस्तै १० वटै टिम सहभागी रहेको फुटबलतर्फ वडा न. २ प्रथम भएर १० हजार नगद, ट्रफि र प्रमाणपत्र पाएको छ । दोस्रो र तेस्रो स्थान पाएको बाँसबोटेका टिमले क्रमशः ५ हजार र २ हजार नगद तथा मेडल र प्रमाणपत्र पाएको आयोजक समितिका अध्यक्ष मनोज बुढाथोकीले बताए ।

प्रतियोगिताको १५ सय मिटर दौडमा पुरुषतर्फ १ घण्टा २९ मिनटमा गन्तव्य चुम्दै प्रथम स्थान लिएका ताम्लीछाका रिजन राई १० हजार नगद, ट्रफि र प्रमाणपत्रको हकदार भएका छन् । दोस्रो स्थान पाउने वडा नं. ३ बाराहाका अर्जुन खत्रीले ८ हजार नगदसहित ट्रफि र प्रमाणपत्र पाए । उनले १ घण्टा ३३ मिनटमा दुरी पार गरेका थिए भने ५ हजार नगद, ट्रफि र प्रमाणपत्र रहेको तेस्रो पुरस्कारका लागि वडा नं. ४ बलम्ताका तुफान राईलाई गन्तव्य छुन १ घण्टा ३६ मिनट लाग्यो ।



दौडमा प्रथम, दोस्रो र तेस्रो हुने धावकहरु प्रमाणपत्रसाथ । *तस्विर: मुलुकी*

त्यसैगरी महिला दौडतर्फ बलम्ताकी मनिषा राईले २ घण्टा १ मिनट लगाएर प्रथम हुँदै १० हजार नगदसहित ट्रफि र प्रमाणपत्र पाईन् । बलम्ताकै केशुका राई २ घण्छा ९ मिनटमा दुरी टुंग्याउँदै दोस्रो स्थान पाउँदा वडा नं. ५ जाँतेकी रमिला राईलाई तेस्रो स्थान लिन २ घण्टा ११ मिनट लाग्यो । केशुका र रमिलाले क्रमशः ८ हजार र ५ हजार नगदका साथ ट्रफि र प्रमाणपत्र पाए । दौडमा महिला पुरुष गरी ८६ जना प्रतिस्पर्धीको सहभागिता रहेको अध्यक्ष बुढाथोकीले बताए ।

९ समूहको सहभागिता थियो अर्को खेल ब्याडमिन्टनमा बाराहा प्रथम, ताम्लीछा दोस्रो र बाँसबोटे तेस्रो भए । उनीहरुलाई क्रमशः ८ हजार, ५ हजार र २ हजार नगदका साथ मेडल र प्रमाणपत्र प्रदान गरियो । बुधबार आयोजित समापन समारोहमा विजयी टिमलाई गाउँपालिका अध्यक्ष मेजरकुमार राईले नगद र प्रमाणपत्र प्रदान गरे । उपाध्यक्ष रमिला राईले सिल्ड प्रदान गर्दा लेखा अधिकृत ताराकिरण राईले मेडल प्रदान गरेका थिए ।

# पोखरा थण्डर्स अङ्क जोडन सफल

❖ बिबेक राई

*गाईघाट, बैशाख १५*

काठमाडौँमा जारी 'खुकुरी सुपर लिग'मा पोखरा थण्डर्स पहिलो पटक गोलको खाता खोल्दै अंक जोड्न सफल भएको छ । बुधबार दशरथ रंगशालामा शानदार जितका साथ लिगको सुरुवात गरेको बिराटनगर सिटि एफसीलाई १-० ले हराउँदै पोखराले अंक जोडेको हो ।

विराटनगरले धनगढीलाई ३-० ले हराउँदै लिगको सुरुवात गरेको थियो भने पोखराले बुटवललाई २-० को नतिजा सुम्पेको थियो । पोखरा र बिराटनगरबीच पहिलो हाफ भने बराबरी भयो । गोल गर्ने रणनीतिमा दुवै टिमले दोस्रो हाफछि खेलाडी परिवर्तन गरे । ५५ औं मिनेटमा निरकुमार राईको ठाउँमा मनिष डाँगीलाई बिराटनगरले पठाएपछि ६५ औं मिनेटमा पोखराले आयुष घलानको ठाउँमा राजेश परियारलाई पठायो ।

७३ औं मिनेटमा पोखराले घाईते दिपक गुरुङको ठाउँमा अजित भण्डारीलाई पठाएको दुई मिनेटमै बिराटनगरले हेम तामाङको ठाउँमा सुरजजंग ठकुरी र सुनिल बलको ठाउँमा गाईघाटका सुनिल खड्कालाई मैदान पठायो । खेलाडी परिवर्तन गरेको ८३ औं मिनेटमा पोखरा भाग्यमानी साबित भयो ।

बिराटनगरका सुनिलले पोखराका राजेशलाई लडाएपछि ३५ यार्ड परबाट फ्रिकिक हान्न पायो । मौसा अब्बाको उत्कृष्ट फ्रिकिकमा पोखराका कप्तान नवयुग श्रेष्ठले अफसाइड बिट गर्दै हेडगोल गरेर टोलीलाई जिताए । उनले हुवावे सुपर प्लेयर हुँदै ट्रफी र २५ हजार पुरस्कार पाए पोखराकै मिडफिल्डर नितिन थापा निभिया उदीयमान खेलाडी हुँदै गिफ्ट ह्याम्पर र नगद १० हजार हात पार्न सफल भए ।

**मुलुकी दैनिक पत्रिका तपाईको घर, कार्यालय, पसलमा नआएमा, ढिलो आएमा, नया ग्राहक बन्नु परेमा, विज्ञापन छपाउनु परेमा सम्पर्क गर्नुहोस् ।**

सम्पर्क - ९८४२९८५१८८

हामी स्थानीय हौं, स्थानीय उत्पादन नै उपयोग गरौं,

स्थानीय उत्पान नै प्रयोग गरौ ! हामी सबैको रोजाइ

गिरीबन्धु प्लाष्टिकका पाइप !






प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोनः- ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/www.mulukikhabar.com
मुद्रण :माझखर्क अफसेटप्रेस, गाईघाट